आज मिति २०७७ असार १६ गते, मंगलबार दिनको १२:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

**विषयहरु :-**

१. **सातौं नगरसभा सम्बन्धमा ।**

२. **विविध ।**

**निर्णयहरु :-**

१. **भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४, मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो :**

भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा संशोधन गर्नुपर्ने बुंदाहरू

| साविकको व्यवस्था | संशोधनपछिको व्यवस्था | कारण |
|---|---|---|
| दफा २ को (त) प्रारम्भिक सदस्य भन्नाले सहकारी संस्था स्थापना गर्दा ताकाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ | दफा २ को (त) सदस्य भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ । | प्रिन्ट गल्ती भएको संशोधन गर्न |
| | दफा ३ मा उपदफा ५ भक्तपुर नगरपालिका स्तरीय विषयगत संघ गठन गर्न सकिनेछ । | नगरपालिका स्तरीय विषयगत संघ गठन गर्न सकिने नयां व्यवस्था गर्न |
| दफा ६ को उपदफा १ दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा आर्थिक समिति पेश गरी सो समितिको सिफारिस र नपा **बोर्ड** बैठकको निर्णय अनुसार दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढांचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ । | दफा ६ को उपदफा १ दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्तसहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा आर्थिक समिति पेश गरी सो समितिको सिफारिस र नपा **कार्यपालिका** बैठकको निर्णय अनुसार दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची २ को ढांचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ । | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नपा बोर्ड बैठक नभनी कार्यपालिका बैठक भनिने भएकोले । |
| दफा ६ को उपदफा ४ एक स्थानीय तह भन्दा बढी कार्य क्षेत्र कायम भई यस भक्तपुर नगरपालिका क्षेत्रभित्र कार्य संचालन गर्न चाहने संस्थाहरूले यस नगरपालिकाको स्वीकृति लिनुपर्ने र संचालन भएको संस्थाहरूले **वार्षिक** प्रतिवेदन बुझाउनु पर्नेछ । | दफा ६ को उपदफा ४ एक स्थानीय तह भन्दा बढी कार्य क्षेत्र कायम भई यस भक्तपुर नगरपालिका क्षेत्रभित्र कार्य संचालन गर्न चाहने संस्थाहरूले यस नगरपालिकाको स्वीकृति लिनुपर्ने र संचालन भएको संस्थाहरूले **मासिक** प्रतिवेदन बुझाउनु पर्नेछ । | भक्तपुर नगरपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण सहकारी संस्थाहरूको दायित्व सम्मान गर्न । |
| दफा १० जानकारी दिनु पर्ने: नगरपालिकाभन्दा बढी स्थानीय तह कार्य क्षेत्र कायम राखी दर्ता भई संचालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा संचालन गर्दा संचालित सेवाको विवरण सहित **दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।** | दफा १० जानकारी दिनु पर्ने: नगरपालिकाभन्दा बढी स्थानीय तह कार्य क्षेत्र कायम राखी दर्ता भई संचालनमा रहेका संस्थाहरूले नगरपालिकामा सेवा संचालन गर्दा संचालित सेवाको विवरण सहित **भक्तपुर नगरपालिकामा निवेदन दिई स्वीकृति लिनु पर्ने छ** । | भक्तपुर नगरपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण सहकारी संस्थाहरूको जानकारी पाउन । |
| दफा ११ को १ (क) उत्पादक संस्था, | दफा ११ को १ (क) उत्पादक संस्था, | भक्तपुर नगरपालिकाभित्र पर्यटनसंग |

| | | |
|---|---|---|
| कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवा बाली एवम् उत्पादनको योजनासमेतका आधारमा उत्पादनमूलक संस्था, | कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल, **पर्यटन** र माछापालन विशेषका विषयगत र अगुवा बाली एवम् उत्पादनको योजनासमेतका आधारमा उत्पादनमूलक संस्था, | सम्बन्धित सहकारी संस्थाहरू समेत संचालन गर्न सकिने व्यवस्था गर्न । |
| दफा २७ उपदफा ३ (ख) दफा **३८** को उपदाफा १ को खण्ड ६ बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा | दफा २७ उपदफा ३ (ख) दफा **३७** को उपदाफा १ को खण्ड ६ बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा उल्लेखित दफा नम्बर नमिलेकोले दफा मिलान गर्न । |
| दफा ३० को उपदफा २ उपदफा १ बमोजिम निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन **अर्थिक सम्पत्ति** दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ । | दफा ३० को उपदफा २ उपदफा १ बमोजिम निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन **आर्थिक समित्ति** दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ । | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा आर्थिक समिति हुनु पर्नेमा अन्यथा भएकोले । |
| | दफा ३१ मा (ट) सहकारी संस्थाले संस्थाको चौमासिक प्रतिवेदन भक्तपुर नगरपालिकामा पठाउनु पर्नेछ । | भक्तपुर नगरपालिकाभित्र संचालित सहकारीहरूले मासिकको साथै चौमासिक प्रगति प्रतिवेदन पठाउने व्यवस्थाको लागि |
| दफा ३२ को (ख) निजलाई दफा **३४** उपदफा १ बमोजिम संचालकबाट हटाउने निर्णय भएमा, | दफा ३२ को (ख) निजलाई दफा **३३** उपदफा १ बमोजिम संचालकबाट हटाउने निर्णय भएमा, | भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा उल्लेखित दफा नम्बर नमिलेकोले दफा मिलान गर्न । |
| दफा ४० को उपदफा २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफनो कुल शेयर पूंजीको **दश** प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । | दफा ४० को उपदफा २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफनो कुल शेयर पूंजीको **बिस** प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । | संघीय सहकारी ऐन, २०७४ अनुसार भक्तपुर नगरपालिको सहकारी ऐन नबाझिने गरी मिलान गर्न । |
| दफा ४८ को उपदफा ५ **जगेडा कोषको १० प्रतिशत बराबरको रकम** भक्तपुर नगरपालिकामा सुरक्षण कोषको रूपमा जम्मा गर्नु पर्नेछ । सुरक्षणको कोषको उपयोग र संचालन ताकिए बमोजिम हुनेछ । | दफा ४८ को उपदफा ५ खारेज गरिएको छ । | भक्तपुर नगरपालिकाभित्र संचालित सहकारी संस्थाहरूको अनुरोधलाई ध्यानमा राखी |
| दफा ५० (क) कारोबारको **चौमासिक** र वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन | दफा ५० (क) कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन | दफा ५० को उपदफा १ को (क) लागि नियम संगत बनाउन । |
| | दफा ६९ मा उपदफा ८ भक्तपुर नगरपालिका भित्र केन्द्रीय कार्यालय, सेवा केन्द्र राखी संचालित सम्पूर्ण सहकारी संस्थाहरूको अनुगमन निरीक्षण भक्तपुर नगरपालिकाले गर्नेछ । | भक्तपुर नगरपालिकाभित्र केन्द्रीय कार्यालय वा सेवा केन्द्र राखी संचालनमा रहेका संस्थाको समेत अनुगमन गर्न सकिने व्यवस्था गर्न । |

२. **भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७७ मा देहाय बमोजिमका कर दस्तुर परिवर्तन गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो र उक्त निर्णय नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो :**

आर्थिक ऐन २०७७ मा समावेश गर्न साविकको दरमा संसोधन प्रस्ताव

१) सहकारी संस्थाको लागि बार्षिक कर:

| कारोवार(वासलातको कूल कारोवार अंक) | साविक दर(रु) | प्रस्तावित दर(रु) |
|---|---|---|
| क श्रेणी (कारोवार रु १ अर्ब भन्दा बढी | १०,०००। | ३०,०००। |
| ख श्रेणी(कारोवार रु ३० करोड भन्दा माथिदेखि रु १ अर्ब सम्म) | १०,०००। | २०,०००। |
| ग श्रेणीकारोवार रु २० करोड भन्दा माथिदेखि रु.३० करोड सम्म ) | ५,०००। | १०,०००। |
| घ श्रेणी(कारोवार रु १० करोड भन्दा माथिदेखि २० करोड सम्म) | २,०००। | ७,५००। |
| ङ.श्रेणी( कारोवार रु २ करोड भन्दा माथिदेखि १० करोड सम्म | २,०००। | ५,०००। |
| च श्रेणी(कारोवार रु २ करोड सम्म) | २,०००। | २,०००। |

३. आ.व. २०७६/०७७ श्रावण १ गतेदेखि २०७८ असार १६ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाहीहरु अनुमोदन गर्न नगरसभा पेश गर्ने निर्णय गरियो ।

४. यस न.पा.को प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आ.व. २०७७/०७८ को लागि म्याद थप गर्न सेवा सम्झौता आवश्यक संशोधन गरी नविकरण गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

६. यस न.पा. कार्यरत नगर सरसफाईको सफाईका ठेक्काहरुको ठेक्का सम्झौतामा आवश्यक संशोधन गरी २०७८ आषाढ मसान्तसम्मको लागि ठेक्का अवधि थप गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको संगठन स्वरुप र साविक दरबन्दीलाई आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O & M) गरी संगठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

९. यस नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारीहरुलाई स्थायी, बढुवा, फाइल बढुवा, स्तर वृद्धि आदि वृति विकाससम्बन्धी कार्वाही अगाडि बढाउन कर्मचारी सेवा संचालन ऐन र नियम स्वीकृत भएपछि आवश्यक व्यवस्था मिलाउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१०. यस न.पा.को आ.व.२०७७/०७८ को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

११. यस न.पा.मा आ.व. २०७७।०७८ देखि प्रोदभावी लेखा प्रणाली लागू गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकाको आ.व २०७६।७७ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१३ आ.व. २०७७/०७८ को लागि जिल्ला दररेटलाई आधार लिई नगरपालिकाको दररेट स्वीकृत गर्ने नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१४. यस नपाद्वारा निर्माणधीन छाती पुनःस्थापना केन्द्रको लागि पूँजीगत खाताको महेश्वरी तथा शहीद स्मृति खेल मैदान संरक्षणको खर्च शीर्षकबाट रु.३०,००,०००।- (अक्षेरुपी रु.तीस लाख) रकमान्तरण गर्ने र यस नगरपालिकाका पदाधिकारी पारिश्रमिकबाट रु.२४,३२,०००।-(अक्षेरुपी चौबिस लाख, बत्तिस हजार) रकम पदाधिकारी अन्य सुविधामा रकमान्तर गर्ने निर्णय गरियो र उक्त निर्णय अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :-

१. आ.व. २०७७।०७८ मा यस भक्तपुर नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको रजिष्ट्रेशन लिखत पारित गर्ने प्रयोजनका लागि भ.न.पा. आर्थिक समितिबाट पेश गरिएको निम्नानुसारको संसोधित न्यूनतम मूल्याङ्कन प्रस्ताव भूमिसुधार तथा मालपोत कार्यालय,भक्तपुरमा पठाउने निर्णय गरियोः

भक्तपुर नगरपालिका

| सि.नं. | विवरण | साविक प्रतिआना न्यूनतम मुल्यांकन ( आ.ब.२०७६/०७७)रु. | प्रस्तावित प्रतिआना न्यूनतम मुल्यांकन ( आ.ब.२०७७/०७८)रु. |
|---|---|---|---|
| क | पक्की मोटर बाटो (सडकको दायाा बायाा) | | |
| १ | अरनिको राजमार्गसाग जोडिएको | २१६०००० | २३७६००० |
| २ | सल्लाघारी चोकदेखि दुधपाटी चोकसम्म (सडकको दायाँबायाँ) | १२०७५०० | १३२८००० |
| ३ | जगाती च्याम्हसिंह पसिखेल सडकदेखि कमलविनायक चोकसम्म (सडकको दायाँबायाँ) | १२०७५०० | १३२८००० |
| ४ | सल्लाघारी चोकदेखि दुवाकोट छुट्टिने खस्याङ खुसुङ खोलासम्म (सडकको दायाँबायाँ) | १२०७५०० | १३२८००० |
| ५ | नगरकोट सडक(सल्लाघारी चोक देखि देकोचा सम्म) | | १२००००० |

| | | | |
|---|---|---|---|
| | | ९४३००० | |
| ६ | नगरकोट सडक (डेकोचा चोकदेखि भत्केको पाटी सम्म, सडकको दायाँबायाँ) | ८७४००० | ११००००० |
| ७ | नगरकोट सडक (भत्केपाटीदेखि व्यारेकसम्म, सडकको दायाँबायाँ) | ८७४००० | ११००००० |
| ८ | साविक कटुन्जेको पक्कीमोटर बाटो हाल भ.न.पा. वडा नं. १ र ३ | ८७४००० | ११००००० |
| ९ | डेकोचाबाट चाँगु जाने पक्की मोटर बाटो (सडकको दायाँबायाँ) | ८७४००० | ११००००० |
| १० | च्यामासिंह चोकदेखि मालपोत चोक हुंदै साविक ताथलीको सिमाना सम्म (सडकको दायाँबायाँ) | ८७४००० | ११००००० |
| ११ | ब्यासीचोकदेखि कालीघाट सम्मको दांयांबांयांको पक्की सडक (सडकको दायाँबायाँ) | ८७४००० | ११००००० |
| **ख** | **प्लानि□को पक्की बाटो** | | |
| १ | क वर्ग : ७ मीटर र सो भन्दा माथि | १२०७५०० | १३२८००० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि। | १०५८००० | ११६४००० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | ८६२५०० | ९४९००० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | ७१३००० | ७८५००० |
| **ग** | **माथि उल्लेख गरिए बाहेकका पक्की मोटर बाटोको (सडकको दायांबायां)** | ७१३००० | ७८५००० |
| **घ** | **प्लानि□को कच्ची बाटो** | | |
| १ | क वर्ग : ७ मीटर र सो भन्दा माथि | ६३२५०० | ६९६००० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि | ५९८००० | ६५८००० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | ५१७५०० | ५७०००० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | ४०२५०० | ४४३००० |
| ङ. | **माथि उल्लेख गरिए बाहेक अन्य कच्ची मोटर बाटो (सडकको** दायाँबायाँ | ५२९००० | ५८२००० |
| **च.** | **गोरेटो बाटोमा जोडिएको** | २६४५०० | २९१००० |
| **छ.** | **शहरी इलाका** | | |
| १ | शहरी इलाका (क) मूलबाटो | ५०६००० | १०००००० |
| | मूल बाटो भन्नालेः अ) **च्याम्हासिंह ढोका देखि इनाग हुँदै दुधपाटी सम्मको बाटो** | | |
| | आ) **दुधपाटी देखि खौमा हुँदै साकोठा सम्मको बाटो तथा** | | |
| | इ) **सूर्यविनायक ग:पली देखि(भुलंचा सडक समेत)बुल्वा सम्मको बाटो लाई जनाउने छ।** | | |

| | | | |
|---|---|---|---|
| २ | शहरी इलाका (ख) सहायक बाटो | ४४०००० | ८००००० |
| ३ | शहरी इलाका (ग) गल्ली बाटो | ३८५००० | ५००००० |
| ४ | शहरी इलाका (घ) चोकबाटो(**सागल समेत**) | २५३००० | ४००००० |
| ५ | शहरी इलाका (ङ), (च) र (छ) घरमुनिको बाटो ( लाबो) | १५४००० | ३००००० |
| ज. | बाटो नभएको जग्गा | १२१००० | २००००० |

**२. भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.४७,४८,०००।- लिई रु.४७,१२,०००।- वितरण गरी बाँकी रु.३६,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**२क. भक्तपुर नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.८३,४९,६००।- लिई रु.८०,३८,४००।- वितरण गरी बाँकी रु.३,११,२००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**२ख. भक्तपुर नगरपालिका वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.७६,५०,०००।- लिई रु.६७,३४,८००।- वितरण गरी बाँकी रु.९,१५,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**३क. भक्तपुर नगरपालिका वडा नं. ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.६४,८१,६००।- लिई रु. ६३,६३,२००।- वितरण गरी बाँकी रु.१,१८,४००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**३ख. भक्तपुर नगरपालिका वडा नं. ८ का वडाअध्यक्ष श्री महेन्द्र खायमलीले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु. ३३,६४,०००।- लिई रु. ३१,४०,०००।- वितरण गरी बाँकी रु. २,२४,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**३ग. भक्तपुर नगरपालिका वडा नं. १० का वडाअध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखाले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु. ४५,२६,४००।- लिई रु. ४४,१८,४००।- वितरण गरी बाँकी रु.१,०८,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैंठकबाट अनुमोदन गरियो ।**

**४. कोरोना रोकथाम र नियन्त्रणको लागि वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले रु. ५ लाख पेश्की लिई र रु. ४,६१,७१९।- खर्च गरी बाँकी रु.३८,२८१।- बैंक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरिएको बैठकबाट अनुमोदन गरियो ।**

५. भक्तपुर नपाको बा १ ग २२६५ नं. को गाडी मर्मत गर्दाको रु.३१,९२२।५० र बा १ ग २२६३ नं. को गाडी मर्मत गर्दाको रु.२४,१८२।- गरी कुल रु.५६,१०४।५० सिद्धि गणेश मोटर पार्टसलाई भुक्तानी दिने निर्णय गरियो ।

६. भक्तपुर नपाको बा १ क ८१५६ को स्काइभेटर मर्मत गर्दाको रु.१२,९९५-। बोहरा इन्टरप्राइजेजलाई भुक्तानी दिने निर्णय गरियो ।

७. भक्तपुर नपाको बा १ ग २९४१ को गाडी मर्मत गर्दाको रु.५,२००।- विक्रम गाइजूलाई भुक्तानी दिने निर्णय गरियो ।

८. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु.१,६२०।- भ्कछैँ नेवारी खाजाघरलाई भुक्तानी दिने निर्णय गरियो ।

| ९.मिति २०७७/०३/१६ गते बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो: | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | महाकाली पिठ संरक्षण कार्य | ८ | १,५६९,९३२।००</br> | | १,१४७,३९७।३२ | १,०७२,९८२।५० | ८५०,०००।०० | २२२,९८२।५० | प्रदेश सांसद कोष | ९,२७,०१७।५० थप पेश्की माग |
| २ | आदर्श वासिकचा जाने बाटो पिच कार्य | ७ | २,९६०,९५९।८६ | | १३,३२,८५८।४७ | १,१२७,११८।५० | ८००,०००।०० | ३२७,११८।५० | प्रदेश सांसद कोष | १८,३३,०००।- थप पेश्की माग |
| ३ | कमलविनायक क्षेत्रमा ढल तथा इँटा छपाई कार्य | १० | ४,९९६,१३५।२९ | | २,२४२,१८५।६९ | १,८२८,०४१।३४ | १,६५०,०००।०० | १७८,०४१।३४ | संघीय सांसद कोष | ३३४६०००।- थप पेश्की माग |
| ४ | सल्लाघारी १०८ रोपनी जग्गा संरक्षण कार्य | १ | ४,६६६,३८९।९० | २,९२८,८२७।०९ | २,७९९,०७२।०५ | १,८५२,०५१।४८ | १,८००,०००।०० | ५२,०५१।४८ | नपा | कार्य सम्पन्न भई पे.फ. गर्ने |
| ५ | अंचा पोखरी स्थित अंचा पोखरी पश्चिम सत्तल पुन:निर्माण कार्य | ६ | ५,३८४,९०१।३९ | ५,३३९,१३२।६७ | ५,३९९,२१७।०० | ४,५२१,३२०।०० | १,४००,०००।०० | ५७०,९१०।०० | नपा | अघिल्लो २०,००,०००।- पे.फ. भई ५,५०,४१०।- भुक्तानी भइसकेको |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्य मार्वल विछ्याउने कार्य | ९ | | गजना ट्रेडिङ्लाई मार्वल उपलब्ध गराएवापत | | | | ४२९,७७२।९६ | नपा | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | महेश्वरी उकालोदेखि पसिखेलसम्म को बाटो पिच मर्मत कार्य | | २,४३६,१००।३७ | २०७६ मंसिर मसान्तमा अवधि सकेको र २०७७ असार मसान्तसम्म म्याद थप | | | | | शीर्षक नं. ३४ (रकमान्तर) | |
| | **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | |
| १ | छाती पुन:स्थापना केन्द्र भवन निर्माण कार्य | ९ | १,९६६,७७६।०९ | उ.स.अ. : रत्नप्रसाद प्रजापति | | अ.सं.सं : बलराम प्रजापति | | | नपा | |